आज मिति २०८०/०९/ १४ गते शनिबारका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर रोकाया ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसि तपसिलको उपस्थितिमा निम्नानुसारका निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २. | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३. | रबिन्द्र जोशी | सदस्य | |
| ४. | रबिन्द्र खाती | सदस्य | |
| ५. | प्रकाश भण्डारी | सदस्य | |
| ६. | रामचन्द्र जोशी | सदस्य | |
| ७. | नर बहादुर खाती | सदस्य | |
| ८. | अनिल कुमार बिष्ट | सदस्य | |
| ९. | किस्ने सार्की | सदस्य | |
| १०. | टिकाराज जोशी | सदस्य | |
| ११. | लोकेन्द्र बहादुर विष्ट | सदस्य | |
| १२. | रम्भा देवी कामी | सदस्य | |
| १३. | हेमन्ती देवी सिंह | सदस्य | |
| १४. | सुनिता देवी गिरी | सदस्य | |
| १५. | कमला कुमारी उपाध्याय जोशी | सदस्य | |
| १६. | विर्ख बहादुर मिजार कामी | सदस्य | |
| १७. | ज्ञानु दमाई | सदस्य | |
| १८. | सिद्धराज पण्डित | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लक्ष्मी राज उपाध्याय | प्र. का. अधिकृत | |
| | | | |
| | | | |

CamScanner

## मिति २०८०।०९।१४ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं.१ स्थानीय सडक मर्मत सम्भार कार्यको लागि कार्यक्रम स्वीकृत गरी पठाउने सम्बन्धमा ।**

सडक बोर्ड नेपालको मिति २०८०।०८।०१ गतेको पत्रबाट स्थानीय सडक मर्मत संभार कार्यको लागि स्वीकृत गरी पठाईएको रु एक्काई लाख तपसिल बमोजिमका सडकहरु मर्मत सम्भारको लागि प्रयोग गर्ने गरी कार्यक्रम स्वीकृत गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

झनाना-गाउँपालिका सडक खण्ड

झनाना-गाडाबाज सडक खण्ड

झनाना-दिपिल सडक खण्ड

मोरायल-मोतिपुर सडक खण्ड

**निर्णय नं.२ आ.व.२०८१।८२ लागि संघीय समपुरक तथा विशेष अनुदानको योजना माग सम्बन्धमा ।**

आ.ब.२०८१/०८२ का लागि संघीय समपूरक अनुदान तथा बिशेष अनुदानका लागि तपसिलका योजनाहरुलाई निम्नानुसारको प्राथमिकताक्रम तोकी सिफारिस गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

**(क) समपुरक अनुदान तर्फ**

| सि.नं | प्राथमिकता क्रम नं. | समपुरक अनुदान आयोजनाको नाम | कार्यान्वयन गर्ने स्थान |
|---|---|---|---|
| १ | १ | वडा नं.९ को वडा कार्यालय भवन तथा खेलकुद मैदान निर्माण | वडा नं.९ |
| २ | २ | डुङ्ग्री पण्डित गाउँ हुँदै देवस्थली सम्म सिचाई कुलो निर्माण | वडा नं.८ |
| ३ | ३ | रेगम जिउला तटबन्धन | वडा नं.१ |
| ४ | ४ | गडीगाउँ फलफुल तथा तरकारी पकेट क्षेत्र विकास | वडा नं.४ |
| ५ | ५ | दिपिल डिक्ला सडक निर्माण | वडा नं.३ र ४ |

**(ख) विशेष अनुदान तर्फ**

| सि.नं | प्राथमिकता क्रम नं. | बिशेष अनुदान आयोजनाको नाम | कार्यान्वयन गर्ने स्थान |
|---|---|---|---|
| १ | १ | झनाना देखी गाडाबाँज सम्म सडक स्तरोन्नती | वडा नं.६, ७ र ८ |
| २ | २ | छड्यागाड गिर्भ सिचाई कुलो | वडा नं.८ |
| ३ | ३ | भुलाहाटी देखि भण्डारीगाउँ सम्म खानेपानी योजना | वडा नं.७ |
| ४ | ४ | गड्याला देखि राईसेगाड सम्म आर सि सि तटबन्धन | वडा नं. वडा नं.६ |
| ५ | ५ | पारिवन सिचाई कुलो निर्माण | वडा नं.२ |

प्रमुख प्रशासकिय अधिकृत

CamScanner

**निर्णय नं.३ चौमासिक प्रगति समिक्षा तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने सम्बन्धमा ।**

थलारा गाउँपालिकाबाट आर्थिक वर्ष २०८०।०८१ को पहिलो चौमासिक रुपमा भएका कार्यक्रम तथा गतिविधिहरुको समिक्षा गरी हालसम्म भएका सम्पुर्ण आम्दानी तथा खर्च अनुमोदन गर्ने साथै समिक्षा गर्दा गाउँपालिकाको पुजिगत खर्च प्रगति प्रतिशत तथा अन्य समग्र सेवाप्रवाहमा समेत केही कमिकमजोरीहरु देखिएकोल पालिका तथा पालिका अन्तर्गतबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन निम्नानुसारका सुधारका कदमहरु अगाडी बढाउने निर्णय गरियो ।

(क) गाउँपालिकामा डिजिटल नागरिक वडापत्र तथा पालिका अन्तर्गतका कार्यालयमा समेत नागरिक वडापत्रलाई अनिवार्य बनाउने ।

(ख) सोधपुछ कक्षलाई व्यवस्थित गरी तत्काल संचालनमा ल्याउने

(ग) निःशुल्क टोलफ्रि सेवालाई तत्काल संचालनमा ल्याउने

(घ) पालिकामा आउने गुनासो सुन्ने तथा व्यवस्थापन गर्ने पद्दतिलाई व्यवस्थित तथा प्रभावकारी बनाउने ।

(ङ) पालिकाको इन्टरनेटलाई व्यवस्थित तथा प्रभावकारी वनाउने ।

**निर्णय नं.४ योजनाको भुक्तानी सम्बन्धमा ।**

थलारा गाउँपालिका वडा नं.१ अन्तर्गत रहेको जनता आधारभुत विद्यालय तेडीमाडुको, नव निर्मित विद्यालय भवनको पछाडी पट्टीको भागमा पहिरोको जोखिम भएको र पहिरो रोकथामको काम हुन नसकेमा नवनिर्मित भवन नई जोखिममा रहने अवस्थालाई मध्यनजर गर्दै गाउँ कार्यपालिका बैठकबाट पहिरो जोखिम रहेको भागमा मेसिनरी वाल निर्माण गर्ने र सो को लागि लाग्ने रकम प्राविधिक स्टिमेटको आधारमा पालिकाको विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने निर्णय गरेकोमा सो कार्यका लागि सम्झौता भई सम्झौता बमोजिमको कार्य समेत सम्पन्न भईसकेकोले प्राविधिक मुल्यांकनको आधारमा हुन आउने रकम पालिकाको विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ सम्झौता अन्त्य सम्बन्धमा ।**

थलारा गाउँपालिकाबाट विभिन्न आर्थिक वर्षहरुमा ठेक्का प्रक्रिया गरि हालसम्म निर्माणको कार्य सम्पन्न हुन नसकेका तर खरिद सम्झौता पनि अन्त्य नभएका निर्माण योजनाहरुको खरिद सम्झौता अन्त्यका सम्बन्धमा विस्तृत अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गरी यथाशिघ्र कार्यपालिकामा पेश गर्न पालिकाको खरिद समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ हिउँदे अधिवेशन सम्बन्धमा ।**

थलारा गाउँपालिका गाउँसभाको बार्हौं बैठक (हिउँदे अधिवेशन) मिति २०८०।०९।२७ र २८ गते गर्ने निर्णय गरियो।

**निर्णय नं.७ म्याद थपको लागि भुमि आयोगलाई आग्रह गर्ने सम्बन्धमा ।**

राष्ट्रिय भुमि आयोगले भुमिहिन दलित र भुमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासको व्यवस्थापन गर्ने प्रयोजन राखी भुमि आयोग र विभिन्न स्थानीय तहहरु बीच सम्झौता भई आयोगबाट विभिन्न मितिमा सूचना जारी गरी भुमिको लगत संकलन कार्य हुँदै आई हाल लगत संकलनको म्याद समेत समाप्त भईसकेकोमा यस थलारा गाउँपालिका भित्रका भुमिहिन दलित तथा सुकुम्बासी लगायत भुमिको लगत संकलन लगायतको कार्य अधिकांश बाँकी नै रहेकोले लगत संकलनको लागि आवश्यक म्याद गरिदिन राष्ट्रिय भुमि आयोग, बझाङ्गलाई आग्रह गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत